# हिमाली सुस्केरा
साप्ताहिक

वर्ष : २१, अङ्क : ०४, २०७९ कात्तिक ६ गते आइतवार ( 23 Oct. 2022 ), मूल्य रु. २०।-




## नेराशिसंको शुभकामना आदान प्रदान

सुस्केरा समाचारदाता

डोल्पा, कात्तिक - नेपाल राष्ट्रिय शिक्षक संगठन जिल्ला समिति डोल्पाको आयोजनामा दिपावली, छठ र नेपाल संवतको अवसरमा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न गरेको छ।

नेपाल राष्ट्रिय शिक्षक संगठन जिल्ला समिति डोल्पाको आयोजनामा शनिवार त्रिपुरासुन्दरी नगरपालिका वडा नं. १ त्रिपुराकोट बगरमा शुभ दिपावली तथा छठ पर्व २०७९ को शुभ अवसरमा शुभकामना आदान प्रदान कार्यक्रम गरिएको हो । कार्यक्रममा त्रिपुरासुन्दरी नगपालिकाका नगर प्रमुख जनचन्द्र रोकायाको प्रमुख आतिथ्यमा भएको उक्त कार्यक्रममा नेपाल राष्ट्रिय शिक्षक संगठनमा आवद्ध शिक्षकहरुको ल्लेख्य सहभागिता रहेको थियो ।

कार्यक्रममा नेकपा(एमाले) डोल्पाका इन्चार्ज बद्मीक्वारी वो

....... .. .पेज नं. ८ मा

## डोल्पामा मतपत्र तिहार पछि आउने

सुस्केरा समाचारदाता

डोल्पा, कात्तिक - मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि डोल्पामा समानुपातिक मतपत्र तिहार पछि ढुवानी हुने भएको छ।

डोल्पा लगायतका केही जिल्लामा हेलिकोप्टर मार्फत मतपत्र ल्याउनु पने भएकाले पनि समानुपातिक र पत्यक्ष तर्फको मतपत्र एकै पटक ल्याउने तयारी भएरै होला समानुपातिक मतपत्र नल्याइएको भन्ने डोल्पालीहरुले बताउने गर्नु भएको छ। मंसिर ४ गते हुने प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य निर्वाचनका लागि हालसम्म ६० जिल्लामा समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र ढुवानी गरिएको निर्वाचन आयोगले जनाएको छ।

निर्वाचन आयोगका अनुसार तिहार

....... .. .पेज नं. ८ मा

## उम्मेद्वारहरुको घरदैलो प्रचारप्रसार कार्यक्रम तिब्र

प्रचारप्रसार कार्यमा तिब्रता ल्याइदै

सुस्केरा समाचारदाता

डोल्पा, कात्तिक - आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य निर्वाचनका उम्मेद्वारहरु यति बेला घरदैलो गरेर प्रचार प्रसार गरिरहेका छन् ।

आफ्नो पक्षमा भोट माग्दै प्रचार प्रसारका क्रममा सत्ता गठबन्धनका उम्मेद्वारहरु आज सुँ पुगेका छन् । प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य का उम्मेद्वारहरुले ठुलीभेरी नगरपालिकाको वडा नं. ६ तालीबाट आफ्नो प्रचार प्रसारका क्रममा घरदैलो कार्यक्रम सुरु गरेका थिए । प्रचार प्रसार गर्ने क्रममा गठबन्धन दलका उम्मेद्वारहरु तालीबाट दुरगाउँ, थरगाउँ, माझफाल, लाहारा, हुँ, जुफाल हुँदै आज सुँ पुगेको गठबन्धन दलका नेताहरुले बताउनु भएको छ। उहाँहरु भोली त्रिपुराकोट झर्ने कार्यक्रम रहेको जनाइएको छ।

त्यसै गरी ठुलीभेरी नगरपालिका वडा नं. ६ तालीबाटै प्रचार प्रसार तथा घरदैलो कार्यक्रम सुरु गरेको नेकपा(एमाले)का प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्यका उम्मेद्वारहरु पनि प्रचार प्रसारका क्रममा घरदैलो गर्दै थरगाउँ, दुरगाउँ, माझफाल, लाहारा हुदै हुँ पुगेको नेकपा(एमाले) डोल्पाले जनाएको छ।

....... .. .पेज नं. ८ मा

## राति ९ बजेसम्म मात्र देउसी

सुसकेरा समाचारदाता

काठमाडौं, कात्तिक - पुष्प, रंगका साथ दाजुभाई र दिदीबहिनी बिचको अत्यन्तै निकट रुपमा माया र सद्भावका साथ मनाइने चाड हो तिहार । यस सुख, शान्ति, समृद्धि र आपसी सद्भावका साथ मनाइने तिहारको समयमा देउसी खेल्दै रमाइलो गरिन्छ । यो तिहारका समयमा देउसी रातको नौ बजेसम्म मात्र देउसीभैलो खेल्न प्रहरीले अनुरोध गरेको छ।

जिल्ला प्रहरी परिसर काठमाडौंले आज विज्ञप्ति जारी गरी आफ्नो चिनजान भएको स्थानमा मर्यादित एवं सभ्य तवरले रातको नौ बजेसम्म देउसीभैलो खेल्न अनुरोध गरेको हो। परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक दिनेशराज मैनालीले हर्षोल्लासका साथ मनाइने तिहार पर्वमा अवाञ्छित गतिविधि देखिएमा तत्काले प्रहरीलाई खबर गर्न आग्रह गर्नुभयो ।

## सहमति बिना शिक्षकको सरुवा

सुस्केरा समाचारदाता

डोल्पा, कात्तिक - मुड्केचुला गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाका एक करार कर्मचारीले सही गरेर शिक्षक र कर्मचारीहरुको शिक्षा ऐन नियम विपरित सरुवा गरेको भन्दै नेपाल राष्ट्रिय शिक्षक संगठन जिल्ला समिति डोल्पा, पेशागत महासंघ नेपाल र नेपाल राष्ट्रिय शिक्षक संगठन ठुलीभेरी नगरसमितिले संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै अनधिकृत रुपमा अपायक गरिएको सरुवा तत्काल बदर गर्न माग गर्दै बदर नगरे आन्दोलनमा उत्रन बाध्य हुने चेतावनी दिइएको छ।

नेपाल राष्ट्रिय शिक्षक संगठनसँग आवद्ध शिक्षकहरुलाई अपायक पर्ने गरी पक्षपातपूर्ण रुपमा, शिक्षा ऐन नियमको व्यवस्था विपरित अपाङ्ता भएका, महिला लगायतका शिक्षकहरुको अपायक पर्ने गरी मुड्केचुला गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाका करार कर्मचारीले सही गरेर सरुवा गरिएको विज्ञप्तिमा जनाइएको छ ।

गाउँ शिक्षा समितिको निर्णय, कार्यपालिकाको अनुमोदन भन्दै

....... .. .पेज नं. ८ मा

## क्याम्पस साइटको खानेपानी मर्मत सुरु नै नहुँदा समस्या

सुस्केरा समाचारदाता

डोल्पा, कात्तिक - अविरल वर्षाका कारण पहिरोले खानेपानीका पाइप बगाइदिए पछि खानेपानी अवरुद्ध भएको ३ हप्ता बित्दा पनि अझै मर्मत सुरु नै हुन नसकेकाले क्याम्पस साइटमा खानेपानी उपभोक्ताहरुलाई पानी खान शास्ति भएको छ ।

गएको महिनाको १८ गते रातिबाट परेको अविरल वर्षाका कारण पहिरो गई पाल्वाखोलाबाट ल्याइएको खानेपानीको पाइप ठाउँठाउँमा बिगारे पनि अवरुद्ध भनेको खानेपानी अझै सुचारु हुन सकेको छैन । खानेपानी सुचारु नहुँदा अहिलेको जमानामा पनि टाढाबाट पानी बोकेर खान वाध्य भएको उपभोक्ताहरुले बताउनु भएको छ।

नुहाउने, सरसफाई गर्ने कार्यका लागि पानी आवश्यक पर्दछ तर आफूहरुलाई खानेपानीका लागि समेत पानी निकै समस्या बनेको क्याम्पस साइटका उपभोक्ताहरुले बताउनु भएको छ।

पानीको लाइन तथा पानीका पाइप मर्मत गर्दा गर्दै ढिला हुने कुरा त छदैछ, पाल्वा खोलाबाट आएको यो क्याम्पस साइटका लागि वितरण गरिएको खानेपानीको लाइन मर्मत गर्न सम्म नलागेको उपभोक्ताहरुले गुनासो गरेका छन् ।

पानीले समस्या भएकाले पानी छिटो ल्याउने कार्य गर्नका लागि उपभोक्ताहरुले वारम्बार खानेपानी उपभोक्ता समितिहरुका पदाधिकारी समक्ष कुरा पुर्‍याउदा पनि मर्मत गर्ने तर्फ

....... .. .पेज नं. ८ मा

उम्मेद्वारहरुको घरदैलो . ....

विभिन्न गाउँमा पुगेर मतदाताहरुको घरदैलोमा पुगेर भोट माग्ने क्रममा उम्मेद्वारहरुले आफ्नो प्रचार प्रसार को घरदैलो कार्यक्रम तिहारका ३ दिन आफ्नो घर नजिकैका गाउँहरुमा मात्र प्रचार प्रसार तथा घरदैलो कार्यक्रम गरिने जनाएका छन् ।

तिहार लगत्तै भने त्रिपुरासुन्दरीका विभिन्न गाउँ हुँदै तल्लो डोल्पाका मुड्केचुला गाउँपालिका र जगदुल्ला गाउँपालिकाका विभिन्न गाउँहरुमा पुगेर घरदैलो गरेर मत माग्ने योजना रहेको जनाएका छन् । चिसो निकै बढेको र माथिल्लो डोल्पाका विभिन्न लेकहरु पास गर्न पनि कठिन हुने अनुमान गर्दै उम्मेद्वारहरुले माथिल्लो डोल्पाको प्रचार प्रसारको योजना भने कहिलेदेखि हुने प्रस्ट पार्न सकेका छैनन् ।

जे भए पनि डोल्पामा पनि निर्वाचनको सरगर्मी बढेको छ । चुनावी प्रचार प्रसारको क्रममा उम्मेद्वारहरु घरघर पुग्न थालेका छन् । उता जनताको गुनासो भने फरक रहेको छ । चुनावका बेला उम्मेद्वारहरु घरघर आउने भए नभएका बाचा गर्ने, विभिन्न आश्वासन दिने, निर्वाचन सकिए पछि जितेकाले कामका सिलसिलामा आफूलाई भोट नदिने लाई कुनै सेवा सुविधा नदिने, दुख दिने, पक्षपातपूर्ण व्यवहार गर्ने, चुनाव हारेकाहरु पनि फर्केर निर्वाचन क्षेत्रमा नजाने, निर्वाचन क्षेत्रका मतदाताहरुले पेलान खाएको, दुख पाएको कुरा गर्दा पनि काम नगर्दिने, फोन गर्‍यो फोन नउठाउने, गुनासो नसुन्ने, पक्षपात र अन्यायमा परेका कुरा नउठाइदिने जस्ता व्यवहार हुने गरेको दुरदराजका स्थानीयहरुले बताउने गर्नु भएको छ ।

निर्वाचन अगाडि जुन दलका उम्मेद्वारलाई भोट हाले पनि निर्वाचन सकिए पछि आफ्नो निर्वाचन क्षेत्र तथा जिल्लाका जनताहरुलाई काख र पाखा नगरेर सबैलाई समान व्यवहार गर्नु पर्ने, राज्यबाट प्राप्त हुने सेवा सुविधा सबैलाई बराबर दिनु पर्ने, पक्षपातपूर्ण व्यवहार पूर्ण रुपमा हटाउनु पर्ने, निर्वाचन सकिए पछि पनि निर्वाचनमा मत नदिएको रिस राख्ने, त्यही रिस राखेर बिना कारण दुख दिने लगायतका विभिन्न व्यवहार जितेर जाने उम्मेद्वारहरुबाट प्रकट हुने गरेको अवस्थालाई जिन्ने जनप्रतिनिधि र हार्ने उम्मेद्वारहरुले पनि यस प्रकार को व्यवहारको विरोध गरी सबै नागरिकहरुले पाउने सेवा सुविधा समान रुपमा वितरण गर्नमा पहल गर्नु पर्ने डोल्पालीहरुको माग रहेको छ ।

क्याम्पस साइटको .... .........

काम नबढेकोमा झनै उपभोक्ताहरु प्रति उपभोक्ता समितिले बेवास्ता गरेको हो की भन्ने चिन्ता बढेको छ ।

खानेपानी उपभोक्ता समितिले नियुक्त गरेका कर्मचारीहरुले उपभोक्ताको फोन समेत नउठाउने र समितिका पदाधिकारीहरु पनि एकले अर्को तथा कर्मचारीहरुलाई देखाएर पन्छिने गरेको गुनासो उपभोक्ताहरुले जनाएका छन् ।

खानेपानीको समस्या भएकाले छिटो पानी ल्याउने वातावरणका लागि पहल गरिदिन मौखिक रुपमा वडा अध्यक्ष भक्तबहादुर भण्डारीलाई समेत आग्रह गरिएको उपभोक्ताहरुले जनाउनु भएको छ ।

क्याम्पस साइटतिर खानेपानीको समस्या छ भन्ने गुनासो आएको छ । त्यतातिरका लागि आउने पाल्वाखोलाको पानी पाइप लाइनलाई मर्मतका लागि उपभोक्ता समितिसँगलाई ताकेता गर्ने तयारी मात्र होइन बरु सुरक्षा निकायका जनशक्ति पठाएर भए पनि पानीको लाइन मर्मत तर्फ लाग्ने तयारी गरिएको प्रमुख जिल्ला अधिकारी बेदनीधि अधिकारीले बताउनु भयो । उपभोक्ता समितिको ध्यान भने गम्भिर रुपले जान नसकेको गुनासो बढेको छ । उपभोक्ताहरुलाइ पानी पुरा महिनाभरी नदिने पैसा मात्र मासिक रुपमा उठाउन आउने, उपभोक्ताका गुनासा नसुन्ने, खानेपानीका कर्मचारीहरुले मनोमानी रुपमा पानी दिने र काट्ने जस्तो लापरवाही गरेर उपभोक्ताहरुलाई दुख दिने गरेको गुनासो समेत उपभोक्ताहरुको रहेको छ ।

डोल्पामा मतपत्र ... .........

अघि थप छ जिल्लाको मतपत्र ढुवानी गरिने छ। बाँकी रहेका मनाङ, मुस्ताङ, अछाम, बाजुरा, कालिकोट, मुगु, हुम्ला, जुम्ला र डोल्पाको मतपत्र भने तिहार पछि मात्र ढुवानी गरिनेछ। हालसम्म पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फ कूल एक करोड ५१ लाख २४ हजार मतपत्र छपाइ सम्पन्न भएको छ। यसमध्ये प्रदेशसभाका लागि ७५ लाख २५ हजार र प्रतिनिधिसभातर्फ ७५ लाख ९९ हजार मतपत्र रहेका छन् ।

हालसम्म प्रतिनिधिसभातर्फ सल्यान, डोल्पा, मुगु, जुम्ला, कालिकोट, हुम्ला, जाजरकोट, दैलेख, रुकुम पश्चिम, सुर्खेत, बाजुरा, बझाङ, डोटी, दार्चुला, बैतडी, डडेलधुरा, अछाम, कैलाली, कञ्चनपुर, रोल्पा, प्यूठान, दाङ, रुकुमपूर्व, अर्घाखाँची, गुल्मी, बर्दिया, नवलपरासी पश्चिमलगायत जिल्लाको मतपत्र छपाइ सम्पन्न भएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिनुभयो ।

मतपत्रको पृष्ठभूमि रङ सेतो रहेको छ। समानुपातिक निर्वाचन प्रणालीतर्फ सेतो पृष्ठभूमिको कागजमा निर्वाचन चिह्न र अन्य विवरणका लागि कालो रङ प्रयोग भएको छ भने पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फ सेतो पृष्ठभूमिको कागजमा निर्वाचन चिह्न र अन्य विवरणको रङ रातो मसीको रहेको छ ।

सहमति बिना .... .........

शिक्षकहरुको आपसि सहमति बिना र विद्यालय व्यवस्थापन समितिको आपसि सहमति विना शिक्षा ऐन नियमको व्यवस्था विपरित महिला र अपाङ्गता भएका शिक्षकलाई समेत अपायक सरुवा गरिएकाले यो निर्णय प्रति आपत्ति जनाइएको छ ।

राति ९ बजेसम्म .... .........

परिसरले आफ्नो टोल छरछिमेकमा जुवातास खेलमा वा पटाका पड्काए तत्काल प्रहरीलाई खबर गर्न आग्रह गरेको छ। मुलुकी अपराध संहिता, २०७४ को विष्फोटक पदार्थ (पटाका) सम्बन्धी कसुरमा तीन वर्षसम्म कैद र रु ३० हजारसम्म जरिवना हुनसक्ने व्यवस्था रहेको छ । मादक पदार्थ सेवन गरेर सवारीसाधन नचलाउन, सार्वजनिक स्थानमा मद्यपान, धुम्रपान नगर्न, नगद बहुमूल्य सामान, गरगहना लकरमा राख्न, विद्युतीय माध्यमबाट मात्र आर्थिक कारोबार गर्नसमेत प्रहरीले काठमाडौंवासीलाई आग्रह गरेको छ।छतमा चढेर यात्रा नगर्न, सडकको दायाँबाया जथाभावी पार्किङ नगर्न, ट्राफिक नियमको पालना गर्न प्रहरीले अनुरोध गरेको छ। यात्रा गर्ने क्रममा अपरिचित व्यक्तिले दिएको खानेकुरा नखान, नचिनेको व्यक्तिले घरको ढोका ढकढक्याएमा नखोल्न, आफ्नो घर, छरछिमेक र टोलमा सिसी क्यामेरा जडान गर्न, लामो

नेराशिसंको ...... .............

होरा, कर्णाली प्रदेशका पूर्व उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री नन्दसिंह बुढा, नेकपा(एमाले)बाट डोल्पा प्रतिनिधिसभा सदस्यका उम्मेद्वार गणेश शाही, एमालेबाट कर्णाली प्रदेशसभा सदस्यका समानुपातिक उम्मेद्वार तुलाचन्द्र बुढा, नेकपा(एमाले) डोल्पाका सचिवालय सदस्य विष्णुबहादुर रोकायाको विशेष अतिथि यता रहेको थियो । कार्यक्रम नेपाल राष्ट्रिय शिक्षक संगठन जिल्ला समिति डोल्पाका अध्यक्ष तुलबहादुर विष्टको अध्यक्षतामा भएको हो । कार्यक्रमको संचालन नेपाल राष्ट्रिय शिक्षक संगठन डोल्पाका पूर्व सचिव गोरखबहादुर बुढाले गर्नु भएको थियो ।

कार्यक्रममा आपसमा खादा र अविर टिका लगाई दिपावली, छठ र नेपाल संवतको सुअवसरमा सबैको कल्याण होस्, उत्तरोत्तर प्रगति होस्, आगामी दिनहरु सुखमय बितुन, सबैको जय होस् भन्दै शुभकामना आदान प्रदान गरिएको नेपाल राष्ट्रिय शिक्षक संगठन जिल्ला समिति डोल्पाले जनाएको छ ।

**एक-अर्काको धर्मसंस्कृति, रीतिरिवाज, रहनसहन र चाडपर्वको सम्मान गरौं ।**

**एक-आपसमा भेद्भाव नगरौं, धार्मिक-साँस्कृतिक सहिष्णुता कायम राखौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक/सम्पादक : विष्णुलाल बुढा
व्यवस्थापक : निराकुमारी बस्नेत
कानुनी सल्लाहकार : रामप्रसाद बुढा
सल्लाहकार : आङबहादुर लामा
लालिमान बुढा
सुरेन्द्र ढकाल
रविलाल खत्री
प्रमुख संवाददाताः रुपलाल वोहोरा
मुद्रक : हिमाली सुस्केरा अफसेट प्रेस
ठुलीभेरी नगारपालिका-३ दुनै, डोल्पा
Email : hsuskera@gmail.com
www.himalisuskera.com.np

## सम्पादकीय

# दिपावलीसँगै चुनावी चटारो

यति बेला सबैतिर तिहार तथा दिपावलीको तयारीको चटारो बढेको छ। नेपालीहरुको महत्वपूर्ण पर्वहरु मध्येका तिहार तथा दिपावली र छठ पर्व नेपालीहरुको घरदैलोमा प्रवेश गरिसकेको छ। किनकी सबैले तिहारको तयारी थालिसकेका छन् । घरघरमा आवश्यक पर्ने भाइ मसला जम्मा गर्ने, सेल रोटी लगायतका विभिन्न परिकारहरु पकाउने । विभिन्न प्रकारका फूलहरु जम्मा गर्ने, माला उन्ने लगायतका कामले नेपालीहरुको घरघरमा चटारो बढेको छ ।

यो वर्ष तिहार तथा दिपावली र छठ पर्व अगाडि परेका कारण किसानका घरमा अन्नपात, डिलकान्लाको घाँस काट्ने, नल पराल सुकाएर थन्काउने लगायतका कामले पनि किसानहरु निकै व्यस्त रहेको अवस्था छ । यसका बावजुद पनि किसानहरु घरको किसानी कामका साथै दिपावली तथा छठ पर्वको भरपुर आनन्द लिनका लागि तयारी गरिरहेका छन् ।

यसै बेला निर्वाचनका लागि खडा भएका उम्मेद्वारहरुले आफ्नो प्रचार प्रसार कार्यक्रमलाई घरदैलोमा पुर्याउन अभियानमा जुटेका छन् । आगामी मंसिर ४ गते हुन लागेको प्रतिनिभिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनमा उम्मेद्वार बनेकाहरु यति बेला डोल्पाली जनताको घरदैलोमा पुग्ने प्रयासमा छन् । समय छोटो छ । ठुलो भूगोल छ त्यस कारण पनि सकेसम्म प्रत्येक डोल्पालीको घरघर नभए गाउँगाउँसम्म पुग्नका लागि प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्यका उम्मेद्वारहरु हिडिरहेका छन् । उम्मेद्वारहरुले आफ्ना विभिन्न नीति तथा कार्यक्रमहरु बोकेर आफ्ना भावी योजनाहरु बनाएर, जिल्ला बनाउने रणनीति दिर्घकालिन तथा अल्पकालिन योजनाहरुका साथमा उम्मेद्वारहरु आफ्ना कुरा सुनाउदै आफूलाई र आफ्नो पार्टीलाइृ भोट माग्दै गाउँगाउँमा आ आफ्ना स्वारहरु बुलन्द बनाउदै हिडेका छन् ।

किसानी कामले चटारोमा रहेका, तिहारको तयारीले रन्थनिएका स्थानीयहरुलाई चुनावी अभियानहरुले पनि निकै तताएको छ। यस अघि विजयी भइ काम गरेका र यस पटक पनि उम्मेद्वारहरुसँग समिक्षा माग्नु आवश्यक छ । कि यस अघि के के गरे, जनअपेक्षा अनुसार काम भयो या भएन, भएन भने किन भएन ? मतदाताहरुले प्रस्ट उत्तर माग्नु आवश्यक छ। यसका साथै नयाँ उम्मेद्वारहरुलाई पनि यस अघि विजयी भएर गएका माननियहरुले गरेका गलत कामको स्मरण गराउँदै जनताका साझा काम बाहेक व्यक्तिगत काम नगर्ने बाचा गराउनु आवश्यक छ ।

यस प्रकार गाउँमा खेतिकिसानी काम, तिहारको तयारी सँगै बढेको चुनावी चटारोले स्थानीयहरुलाई निकै व्यस्त बनाएको छ। एक छिन फुर्सद छैन । आराम गर्ने समय नै छैन । दिउसोको कुरा मात्र हो र बेलुकी पख अबेरसम्म काम गर्नु पर्ने, चुनावी प्रचारमा आएका उम्मेद्वारका कुरा सुन्नु पर्ने, घरका अन्य कामहरु पनि निम्ट्याउनै पर्ने, तिहार र छठका लागि पनि आवश्यक सामग्री जुटाउन लाग्नै पर्ने लगायतका कामले डोल्पालीहरुलाई निकै व्यस्त थपेको छ ।

# अमृत केन्द्र

शारदा शर्मा
गरिमाबाट

जुनसुकै दिशामा
जहाँसुकै
जहिलेसुकै
जतिपल्ट शिर झुकाए पनि
तिम्रै अन्तस्को स्पर्श
तिम्रै अनुभूतिको अमृत

न समय छ यहाँ कतै विभाजित
न शरीर, न सीमा
न अन्त्य कतै
न प्रारम्भ
प्रलयको भोलिपल्ट पनि
सूर्योदय हुनेछ सधैंझै
बतास चल्नेछ ।

आँखाअघिल्तिर रङ्ग बगिरहेछ
पहाड बगिरहेछ
बादल बगिरहेछ
घाम बगिरहेछ
निरन्तर मेरो मन बगिरहेछ सलल्ल पानीसरि
जीवनमा चेतनाले छोएको पहिलो क्षण
अनाम बिन्दुदेखि प्रारम्भ भएको
यात्रा बगिरहेछ परिधि परिधि
अन्तहीन जीवनवृत्तमा

बारम्बारको उच्चाटलाग्दो पुनारवृत्ति
यतिखेर म
विश्राम खोजिरहेकी छु
एउटा विराट् बिन्दु
जुन बग्दैन
र, जहाँ थामिन्छ मन
समय थामिन्छ ।

जति एकान्तमा हुन्छु
त्यति नै कम दूरीमा हुन्छु आफूसँग
प्रेममा हुन्छु
गुरु केन्द्रमा स्थिर
अखण्ड स्वयम्भू दीप दिव्यता
पार्थिव पात्रमा

सनातनदेखि
निरन्तर बलिरहेछ
ज्योतिर्मय महाशून्य
फूल
म नभएको दिनमा पनि फुल्नेछ
म नभएको रातमा पनि जुन लाग्नेछ ।

आफैंभित्र
आफैंसित
सधैं जे छौ तिमी
म सधैं जे छु
मनका सबै सपनाभन्दा पर
आकाङ्क्षाका सबै इन्द्रेणीभन्दा पर
सिर्जनाको अहङ्कार र समापनको पीडाभन्दा पनि पर
बाँकी रहेको

सम्यक् अस्तित्व स्थिरता
गतिका समस्त भ्रमहरुको विसर्जन
म अमरत्व खोजिरहेकी छु
केन्द्र खोजिरहेकी छु ।

खेलकुद

बाल संशार

# नवौं खेलकुदमा आर्मी च्याम्पियन

सुस्केरा समाचारदाता

काठमाडौं, कात्तिक - नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा विभागीय टोली त्रिभुवन आर्मी क्लब टिम च्याम्पियन बनेको छ। आर्मी सर्वाधिक पदक जित्दै च्याम्पियन बनेको हो । उपाधिसँगै आर्मीले १० लाख रुपियाँ बराबरको रनिङ ट्रफी पनि जितेको छ । राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले पहिलो पटक रनिङ शिल्ड प्रदान गरेको हो। पदक तालिकाका शीर्षस्थानमा रहँदै च्याम्पियन बनेको आर्मीले एक सय ७२ स्वर्ण, एक सय १० रजत र ८९ कांस्य सहित कूल तीन सय ७१ पदक जितेको हो। आर्मीले राष्ट्रिय खेलकुदमा ह्याट्रिक समेत गरेको छ । आर्मी यसअघि सातौं र आठौं राष्ट्रिय खेलकुद प्रतियोगितामा पनि च्यामिपयन बनेको थियो ।

३६ खेलमा कूल तीन सय ९६ स्वर्ण पदकका लागि भएको प्रतिस्पर्धामा ६५ स्वर्ण ७२ रजत र ८२ कांस्य सहित दुई सय १९ पदक सहित सशस्त्र प्रहरी बलको एपीएफ क्लब दोस्रो, ६१ स्वर्ण ६१ रजत र ७३ कांस्य पदक सहित एक सय ९५ पदक सहित नेपाल पुलिस क्लब तेस्रो भएको छ । घरेलु मैदानको सदुपयोग गर्दै गण्डकी प्रदेश चौथो तथा प्रदेशहरू मध्ये पहिलो हुन सफल भयो। बागमती प्रदेशलाई पछि पार्दै गण्डकीले ३२ स्वर्ण, ३१ रजत ५७ कांस्य सहित एक सय २० पदक सहित समग्रमा चौथो भएको हो । बागमती प्रदेशले २४ स्वर्ण ४७ रजत र ७४ कांस्य पदकसहित एक सय ४५ पदक सहित पाँचौं स्थानमा

# निर्वाचनमा कर्मचारीको आचरण

गोरखापत्रबाट

..... नियन्त्रणको रेखा सानो घेरमा सीमित गरियो कि भन्ने धेरैले अनुभव गरेका छन्। सामाजिक सञ्जालमा कुनै पनि उम्मेदवारलाई शुभकामना दिनसमेत नपाइने मात्र होइन कि फेसबुकमा रहेको लाइक बटन थिच्नसमेत नपाइने निर्वाचन आयोगले जनाएको छ। सरकारी कर्मचारीले राजनीति गर्न हुँदैन भन्नेमा कुनै विवाद छैन तर आफूलाई मन नपरेकोलाई नराम्रो र राम्रोलाई वाह भन्न पनि नपाइनुचाहिँ व्यक्तिगत स्वतन्त्रतामाथि नै बन्देज लगाउन गरिएको प्रयास त होइन भन्ने गुनासो व्यापक रूपमा सुन्ने गरिएको छ। खुला परिवेशमा रमाएका कर्मचारीलाई एक्कासि यति कडा नियमले बाँध्न खोज्दा केही हलचल पैदा हुनु स्वाभाविक नै मान्नुपर्छ। म त फलानो पार्टीको भन्दै कुनै नेताको नजिक रहेको प्रमाणित गरी फुइँफाइँ गर्दै हिँडेकाहरूलाई निश्चय नै अप्ठेरो परेको छ। जो नियमित काममा रमाउँथ्यो र अड्डा अदालतमा जनताको सेवा गरेर आनन्द लिन्थ्यो, उसलाई यसले कुनै पनि असर नगरेको हुनुपर्छ। अहिलेको व्यवस्था दलीय व्यवस्था हो। जनताले आफूलाई राम्रो लागेको दल र दलको नेता चयन गरेर संसद्मा पठाउने र तिनै संसद्मा पुगेका व्यक्तिबाट सरकार गठन गर्ने व्यवस्था यो संविधानमा छ। राज्य कोषबाट तलब बुझ्ने व्यक्ति पनि एक नागरिक नै हो ......... ....



फूलको महत्व रहेको पर्व तिहारलाई हर्षोल्लासमय बनाऔं ।

# निर्वाचन आचारसंहिता उलंघन बढ्दै

सुस्केरा समाचारदाता

काठमाडौं, कात्तिक - निर्वाचन कार्यक्रम गरिरहेको अवस्थामा राजनीतिक दल तथा उम्मेद्वारहरुले निर्वाचन आचारसंहिता उलंघन गर्ने क्रम बढेको छ।

विभिन्न उम्मेद्वारहरुलाई निर्वाचन आयोगले गएको शुक्रबारसम्म ४८ वटा स्पष्टीकरण सोधेको जनाएको छ । सोधिएका स्पष्टीकरण मध्ये आधा जतिले जवाफ दिएका छन् भने बाँकी ले जवाफ पठाएका छैनन् । आयोगका उपन्यायाधिवक्ता गुरुप्रसाद वाग्लेका अनुसार आयागले ४८ वटा स्पष्टीकरण सोधेकोमा ३० वटाको मात्र जवाफ प्राप्त भएको हो।

उहाँले भन्नुभयो, "आयोगले आचारसंहिता उलंघन भएमा २४ घण्टे स्पष्टीकरण सोध्ने गरेको छ। आजसम्मको तथ्यांकअनुसार हामीले विभिन्न राजनीतिक दलका उम्मेदवार, संघसंस्था, कार्यालयसमेत गरी ४८ वटा स्पष्टीकरण सोधेका छौं, त्यसमध्ये ३० वटाको जवाफ प्राप्त भएको छ ।" आयोगले स्पष्टीकरणको जवाफका आधारमा थप कारबाही गर्ने उहाँको भनाइ छ।

आयोगले शुक्रबार नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्मालाई २४ घण्टे स्पष्टीकरण सोधेको छ । आयोगले महामन्त्री शर्माविरुद्ध आगलागी पीडितलाई पैसा वितरण गरेको पाइएको भन्दै उजुरी परेपछि स्पष्टीकरण सोधेको हो।

यस प्रकार देश भर प्रतिनिधिसभा सदस्यका १ सय ६५ निर्वाचन क्षेत्र र प्रदेशसभा सदस्यका ३ सय ३० निर्वाचन क्षेत्रमा उम्मेद्वार छन्।


# हार्दिक शुभकामना





नेपालीहरुको दोस्रो महत्वपूर्ण पर्व शुभ दिपावली र छठ पर्व २०७९ को शुभ अवसरमा देश विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरु मा शुस्वास्थ्य, दिर्घायु, उत्तरोउत्तर प्रगति, उन्नतिका साथै सधै शान्ति मिलोस भन्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।



धनबहादुर बुढा
प्रतिनिधिसभा सदस्य
उम्मेद्वार २०७९



एवम् पूर्व पर्यटन राज्यमन्त्री, डोल्पा


# सामान्य ज्ञान ०४

*१. हालै पूर्वी नेपालका विभिन्न जिल्ला समेटी रेखाङ्कन गरिएको पदमार्ग कुन हो ?*

*☐ मुन्धुम पदमार्ग*

*२. द्रव्य शाहले गोरखा राज्यको स्थापना कहिले गरेका थिए ?*

*☐ वि.सं. १६१६ भदौ २५*

*३. नेपाली साहित्यका प्रथम शहीद भनी कसलाई चिनिन्छ ?*

*☐ सुब्बा कृष्णलाल अधिकारी*

*४. स्मार्ट प्रविधिको प्रयोग बढाई ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाउने उद्देश्यका साथ ट्राफिक मोबाइल एपको शुभारम्भ कहिले गरियो ?*

*☐ वि.सं. २०७३ वैशाख २०*

*५. मङ्गल ग्रहमा पानी रहेको तथ्य प्रस्तुत गर्ने नेपाली वैज्ञानिक लुजेन्द्र ओझा हुन् भने नयाँ ग्रह पत्ता लागेको सैद्धान्तिक आधार प्रस्तुत गर्ने नेपाली वैज्ञानिक को हुन् ?*

*☐ सुमन सत्याल*

*६. नेपालको संविधान (२०७२)को कुन धारामा शिक्षासम्बन्धी हकको व्यवस्था गरिएको छ ?*

*☐ धारा ३१*

*१८. नेपालको वर्तमान संविधानअनुसार प्रत्येक नागरिकलाई राज्यबाट कुन तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क हुने व्यवस्था छ ?*

*☐ आधारभूत तह*

# कर्णालीलाई फर्केर हेर्दा

मेरो मुगु र डोल्पा बसाइका बेला

- तिलक पौडेल

... तर बाउ नजाँदा कति नराम्रो होला ? ... ।“

खैर, यो त भयो अरूहरूको काल्पनिक आशङ्काले मनमा लगाएको डढेलो ! तर वास्तवमा म अब न वारि न पारिको अवस्थामा छु । खसेपछि बाँच्ने सम्भावना नै छैन ।

अनि म मरेँ भने - ’मेरा पनि घर बुवाआमाले परदेश गएको छोरा दसैँमा घर आउला, हाँसी-खुसी टिका लगाउँला, अैंचोपैंचो-तिरोतारो गरौंला सोच्नु भएको होला । भाइबैनी दाइले राम्रा-राम्रा लुगा ल्याउनेछ भन्ने आमाका बचनमा शान्त भएकोमा म नजाँदा त्यो घरमा कस्तो होला ? फेरि अफवाह त म भागेको भन्ने चल्नेछ जस्को सफाइ कहिले होला ? बुवा मूमाले पनि हैन छोरो यस्तो होला भन्ने त कल्पना पनि गर्न सकिंदै नथ्यो, केले त्यस्तो गर्न हौसियो होला ? भनी आश्चर्यमिश्रित भाव मनमा छल्क्याउँदै छिमेकीहरूका सामु शिर ठाडो पारेर बोल्न पनि नसक्नु होला । अनि यो कर्णाली सुकेर सानो हुँदासम्म मेरो लास कहाँ र कहिले भेटिएला, कसरी पहिचानिउला ? त्यो लास मेरै भन्ने भएपछि त्यो घरपरिवारमा कस्तो हाल होला ?.... बरु आजभोलिमै कतै किनारमा फालिदिए त हल्ला बेतुकको ठहर्दो हो ...।’ जस्ता कल्पना गरी अघि नै बढ्ने निश्चय गरेँ । त्यतिबेलासम्ममा जुत्ता पानीको हल्काले रुफ्ती सकेका थिए । ईश्वरले जे गर्छ, भलै गर्छ भन्दै अघि बढ्दा संयोग पार गरेँ । धन्य ईश्वर भन्दै बालुवा भएको तीरमाथि पुगेपछि त हामफालेँ । यसरी बाबियाको झोलुङ्गो तरी ईश्वारलाई धन्यवाद दिंदै धैन तिर लागेँ । अन्तिम परेपछि मान्छे आध्य(ात्मिक हुँदोरहेछ !

जीवनको पहिलो झुठाभिव्यक्ति !

साढेदश बजेतिर सिद्धिगाढ पुगेँ । बिहानदेखि पानी पनि खान नपाएक(ाले शरीर शिथिल थियो । सनातनी अनुरोधमा केही खान नपाइने र रेञ्जरहरूलाई सम्मान गर्ने परिपाटी हिजो चरितार्थ भएकोले वल्तिरै चोकमा बसी इशारामा त्यहाँ गोठहरूमा देखिने मानिसहरूलाई आउन आदेश गर्दो भएँ । नौलो = नयाँ मान्छेले डाकेकोले सबैजसो आए । देज्यू को हुनुभयो ? काँ जान्या हौ प ? .......

## हार्दिक शुभकामना

नेपालीहरुको दोस्रो महत्वपूर्ण पर्व शुभ दिपावली र छठ २०७९ को शुभ अवसरमा देश विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरुमा शुस्वास्थ्य, दिर्घायु, उत्तरोउत्तर प्रगति, उन्नतिका साथै सधै शान्ति मिलोस भन्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

शरद लामा
नि.प्रमुख एवम्
कृषि विकास कार्यालय परिवार, डोल्पा

## हार्दिक शुभकामना

नेपालीहरुको दोस्रो महत्वपूर्ण पर्व शुभ दिपावली र छठ २०७९ को शुभ अवसरमा देश विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरुमा शुस्वास्थ्य, दिर्घायु, उत्तरोउत्तर प्रगति, उन्नतिका साथै सधै शान्ति मिलोस भन्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

कार्मा छोइबेल गुरुङ
अध्यक्ष एवम्
डोल्पोबुद्ध गाउँपालिका परिवार, डोल्पा

## हार्दिक शुभकामना

नेपालीहरुको दोस्रो महत्वपूर्ण पर्व शुभ दिपावली र छठ २०७९ को शुभ अवसरमा देश विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरुमा शुस्वास्थ्य, दिर्घायु, उत्तरोउत्तर प्रगति, उन्नतिका साथै सधै शान्ति मिलोस भन्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

धावासम्दुक गुरुङ
अध्यक्ष एवम्
शे फोक्सुण्डो गाउँपालिका परिवार, डोल्पा

## हार्दिक शुभकामना

नेपालीहरुको दोस्रो महत्वपूर्ण पर्व शुभ दिपावली र छठ २०७९ को शुभ अवसरमा देश विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरुमा शुस्वास्थ्य, दिर्घायु, उत्तरोउत्तर प्रगति, उन्नतिका साथै सधै शान्ति मिलोस भन्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

सेनाङ गुरुङ
अध्यक्ष एवम्
छार्का ताङ्सोङ् गाउँपालिका परिवार, डोल्पा

## हार्दिक शुभकामना

नेपालीहरुको दोस्रो महत्वपूर्ण पर्व शुभ दिपावली र छठ २०७९ को शुभ अवसरमा देश विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरुमा शुस्वास्थ्य, दिर्घायु, उत्तरोउत्तर प्रगति, उन्नतिका साथै सधै शान्ति मिलोस भन्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

अंगद राना
अध्यक्ष एवम्
काइके गाउँपालिका परिवार, डोल्पा

# दल होइन दिल बदलौं

- डा.नम्रता पाण्डे

अब्राहम लिङ्कनले भनेका छन्, निर्वाचन नागरिकको अधिकार हो र त्यो सही उम्मेदवार चुन्ने बुद्धिमत्तापूर्ण अधिकार हो। आफ्नै अधिकार भए पनि गलत उम्मेदवार चुन्नु पाप हो । स्वार्थका भरमा कुनै व्यक्तिविशेषलाई मात्र देवत्वकरण गर्ने परिपाटी नभई जसले बोलेअनुसार काम गरेर देखाउने खुबी राख्छ, प्रामाणिक छ उसैलाई चुन्नुपर्छ भन्ने सङ्केत हो ।

निर्वाचन लोकतान्त्रिक शासन र राजनीतिक स्थिरताको आधारशीला हो। चुनावमार्फत दलहरूले आफ्नो लोकतान्त्रिक जनादेश प्राप्त गर्छन् र सत्तामा आफ्नो कार्यसम्पादनका लागि जवाफदेही हुन्छन्। राजनीतिक अस्थिरता, नकारात्मक राजनीतिक हस्तक्षेप, जालसाजी, कुप्रबन्धन, हिंसा र दण्डहीनताका कार्यमा लचिलोपन कायम गर्ने निर्वाचन कानुन र संस्थाको अखण्डतालाई उत्तम रूपमा सुरक्षित राख्ने माध्यम हो। निर्वाचन परिवर्तन र विकासको संवाहक हो। निर्वाचन नागरिकको मतको सम्मान र अभिव्यक्तिको अभ्यास हो; जसले राष्ट्रमा सकारात्मक विकासको अपेक्षा राख्छ ।

नेपालमा निर्वाचनको अर्थ कुनै दलको नेतृत्वले विजय हासिल गरेर सत्तामा पुग्ने र विजयपछि नागरिकलाई बेवास्ता गर्ने, नागरिकको कुरा नसुन्ने परिपाटीले गर्दा निर्वाचन शब्द नै वितृष्णा बन्ने गरेको छ। अझ त्यसमा पनि उम्मेदवारले आफ्नो विजय सुनिश्चित पार्न दल नै बदल्ने र भएन भने गठबन्धनको नाममा आफ्नो जित हुनैपर्ने मनोविज्ञानले खास दलप्रति आस्था र रुचि राख्नेले पनि सम्झौता गरेर दलको उम्मेदवारलाई अर्को दलको चिह्नमा मत दिन कसरी सहज लाग्ला र ?

हुन त गठबन्धन संस्कृतिलाई संविधानले नै मान्यता दिएको छ तर यसको प्रयोग कुन अवस्थामा कहिले गर्ने नभई सधैं चुनाव जित्ने र सरकारमा जानकै लागि प्रयोग हुन थाल्यो भने त्यसले गलत प्रवृत्तिको विकास गर्न सक्छ। आखिर किन यत्रो प्रपञ्च त ? किनकि चुनाव जित्न। आफ्नो मात्र दलले बहुमत ल्याएर विजय हासिल गर्न सक्छु भन्ने विश्वास कम हुँदै गएकाले। देशलाई बदल्नु छ, विकासको प्रक्रियालाई बदल्नु छ, त्यसैले अन्तिम समयमा दल बदलेरै भए पनि राजनीतिमा आउनु छ। र हाम्रा मान्छे पनि आउनैपर्ने देखियो; जे बदलेर भए पनि तर बदल्नकै लागि नागरिकको दिल जित्न सकेको भए यति धेरै तिकडम गर्नुपर्ने जरुरी रहन्थेन कि ? किनकि अन्तिममा मतका लागि अनुरोध त नागरिकसँगै गर्नुपर्ने हुन्छ ।

आज चुनाव प्रचारप्रसार र मत माग्न जुन उपाय उम्मेदवार र दलका कार्यकर्ताले अपनाएका छन्, त्यो तरिका आपत्विपत्मा, जनताले चाहेको समयमा र सामान्य जीवनशैलीमा अपनाउन सकेको भए दिल बदल्न असहज पनि थिएन होला । निर्वाचनको समयमा नागरिकको मतलाई सम्मान गर्न जान्ने नेतृत्वले सामान्य जनजीवनमा र यथार्थतामा नागरिकको सम्मान स्वरूपको दिल जित्न किन सक्दैनन् ? किन निर्वाचनको समयमा मात्र घरदैलोको महत्व हुन्छ ?

सम्भव छैन दैनिक घरदैलो गर्न तर धेरै माध्यम छन् नागरिकसँग नजिकिने र उनीहरूको दिल जित्ने माध्यम। कसैद्वारा शृङ्गार गराउनु र राम्रो देखिनु छ भने शृङ्गार गरिदिने व्यक्तिको सामीप्यता हुनु जरुरी हुन्छ अन्यथा टाढा हुँदा शृङ्गार बिग्रिन्छ, लत्पतिन्छ र बिग्रन्छ। निर्वाचनको माध्यमबाट नागरिक मतले शृङ्गार चाहनेले उनीहरूको नजिक हुनुपर्छ। केवल कार्यकर्ता र आफन्तजनसँग मात्र नजिक भएर पुग्दैन। अब यो चुनावको प्रसङ्ग राजनीतिक चुनावमा मात्र होइन, जीवनको चुनावमा पनि आउँछ। कसको शृङ्गारमा सजिन मन छ, त्यसकै नजिक र सामीप्यमा रहनुपर्छ। किनकि जीवनमा जोसँग जस्तो सङ्गत छ, त्यस्तै नै शृङ्गार प्राप्त हुन्छ ।

राजनीतिक निष्ठा या व्यक्तिगत स्वार्थ ! अहिलेको निर्वाचनका लागि टिकट वितरण प्रक्रिया, टिकट दिएर गरिएका उम्मेदवार छनोट, प्रत्येक दलका कार्यकर्ता र नेतालाई चुनावमा उठ्ने रहर देखिन्छ। दलगत निष्ठा र दलभित्रको व्यवस्थापनभन्दा व्यक्तिगत स्वार्थ हावी हुनुले आफ्नै दलले टिकट नदिए विद्रोही बनेर या दल परिवर्तन गरेर भए पनि ... क्रमशः...(गोपबाट)


## हार्दिक शुभकामना

नेपालीहरुको दोस्रो महत्वपूर्ण पर्व शुभ दिपावली र छठ २०७९ को शुभ अवसरमा देश विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरुमा शुस्वास्थ्य, दिर्घायु, उत्तरोउत्तर प्रगति, उन्नतिका साथै सधै शान्ति मिलोस भन्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।



जनचन्द्र रोकाया
प्रमुख एवम्



त्रिपुरासुन्दरी नगरपालिका परिवार, डोल्पा


प्रदेश सरकार
भुमिव्यवस्था कृषि तथा सहकारी मन्त्रालय
पशुपंक्षी विकास निर्देशनालय
## पशु अस्पताल तथा पशु सेवा कार्यालय
दुनै,डोल्पा

प.सं. २०७९।०८०
च.नं. ५४

मिति : २०७९।०६।३१

### सूचना । सूचना ।। सूचना ।।।

यस कार्यालयको आ व २०७९।०८० को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपशिलका बिभिन्न कार्यक्रमहरुमा सूचनामा तोकिएको अनुदानका लागि प्रस्ताव आव्हान गरिएको छ । योग्यता पुगेका कृषक कृषक समूह सहकारी उधमीहरुले मिति २०७९।०७।२९ गते भित्र कार्यक्रम अनुसार तोकिएका आवश्यक कागजात सहित प्रस्तावना पेश गर्नु हुन अनुरोध छ । विस्तृत जानकारी लिनको लागि पशु अस्पताल तथा पशु सेवा कार्यालय डोल्पाको Website vethosdolpa.gov.np मा हेर्नु हुन र कार्यालय समय भित्र यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको सूचनाहरु हेर्नु हुन अनुरोध छ ।

कार्यक्रमहरु

सूचना नं. १. रोड करीडोर कार्यक्रम
सूचना नं. २. रैथाने पशुपंक्षी संरक्षण तथा प्रबर्द्धन कार्यक्रम
सूचना नं. ३. दुग्ध प्रबर्द्धन - भैसी ब्लक ) कार्यक्रम
सूचना नं. ४. भेडाबाख्रा ब्लक विकास कार्यक्रम
सूचना नं. ५. ग्रामिण कुखुरा प्रबर्द्धन कार्यक्रम
सूचना नं. ६. व्यावसायिक कृषकका लागि कृषि यान्त्रिकरण कार्यक्रम
सूचना नं. ७. बेरोजगार पशुसेवा प्राविधिकहरुको रोजगारीका लागि व्यवसाय संचालन गर्ने कार्यक्रम

जग बहादुर भण्डारी
कार्यालय प्रमुख

# बाथरोगविरुद्ध सहकार्य

- प्रा. डा. बुद्धि पौड्याल,

.... नियमित रुपमा शारीरिक व्यायाम र कसरत गर्ने गर्नुपर्दछ । यी सबैका लागि आफ्नो रोग र भविष्यप्रति सकारात्मक सोचको आवश्यकता पर्दछ । एक्लैले भन्दा समूहमा सँगसंगै काम गरेर यी सबै कार्यमा सफलता प्राप्त गर्न सहज हुन्छ । नेपालमा बाथरोगसम्बन्धी सेवाको सुरुवात प्रभावकारी ढंगले हुन् सकेको छैन । यसको एक प्रमुख कारण देशमा बाथरोगसम्बन्धी विशेषज्ञ जनशक्तिको टड्कारो अभाव नै हो । त्यसमाथि बाथरोगको क्षेत्रमा राज्यको पहुँच नपुगेको तथा बाथरोगीको समस्याप्रति सरकारको ध्यानाकर्षण हुन नसकेको कुरा जगजाहेर नै छ । त्यसैले देशभित्रै लाखौंको संख्यामा रहेका बाथका बिरामीहरुको समयमै सही उपचार पाउनुपने ' नैसर्गिक अधिकारलाई ख्याल गदै


## हार्दिक शुभकामना

नेपालीहरुको दोस्रो महत्वपूर्ण पर्व शुभ दिपावली र छठ २०७९ को शुभ अवसरमा देश विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरुमा शुस्वास्थ्य, दिर्घायु, उत्तरोउत्तर प्रगति, उन्नतिका साथै सधै शान्ति मिलोस भन्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।



ध्रुवकुमार बाठामगर
प्रमुख एवम्



उद्योग तथा उपभोक्ता हित सं. कार्यालय, डोल्पा

## हार्दिक शुभकामना

नेपालीहरुको दोस्रो महत्वपूर्ण पर्व शुभ दिपावली र छठ २०७९ को शुभ अवसरमा देश विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरुमा शुस्वास्थ्य, दिर्घायु, उत्तरोउत्तर प्रगति, उन्नतिका साथै सधै शान्ति मिलोस भन्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।



जयशंकर धिताल
हुलाक अधिकृत एवम्



जिल्ला हुलाक कार्यालय परिवार, डोल्पा

## हार्दिक शुभकामना

नेपालीहरुको दोस्रो महत्वपूर्ण पर्व शुभ दिपावली र छठ २०७९ को शुभ अवसरमा देश विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरुमा शुस्वास्थ्य, दिर्घायु, उत्तरोउत्तर प्रगति, उन्नतिका साथै सधै शान्ति मिलोस भन्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।





धनबहादुर शाही
सामाजिक विकास अधिकृत एवम्
सामाजिक विकास कार्यालय परिवार, डोल्पा

## हार्दिक शुभकामना

नेपालीहरुको दोस्रो महत्वपूर्ण पर्व शुभ दिपावली र छठ २०७९ को शुभ अवसरमा देश विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरुमा शुस्वास्थ्य, दिर्घायु, उत्तरोउत्तर प्रगति, उन्नतिका साथै सधै शान्ति मिलोस भन्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।



स्वबर्णकुमार बुढा
नगर प्रमुख एवम्



ठुलीभेरी नगरपालिका परिवार, डोल्पा

## हार्दिक शुभकामना

नेपालीहरुको दोस्रो महत्वपूर्ण पर्व शुभ दिपावली र छठ २०७९ को शुभ अवसरमा देश विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरुमा शुस्वास्थ्य, दिर्घायु, उत्तरोउत्तर प्रगति, उन्नतिका साथै सधै शान्ति मिलोस भन्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।



नारासिं रोकाय
अध्यक्ष एवम्



जगदुल्ला गाउँपालिका परिवार, डोल्पा

## हार्दिक शुभकामना

नेपालीहरुको दोस्रो महत्वपूर्ण पर्व शुभ दिपावली र छठ २०७९ को शुभ अवसरमा देश विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरुमा शुस्वास्थ्य, दिर्घायु, उत्तरोउत्तर प्रगति, उन्नतिका साथै सधै शान्ति मिलोस भन्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।



दत्तबहादुर शाही
अध्यक्ष एवम्



मुड्केचुला गाउँपालिका परिवार, डोल्पा

# बालबालिकामा व्यक्तित्व विकास अभाव

- सौजन्य अर्याल

......... यिनीहरूलाई अनुगमन गने ले बुझ्नुपर्छ। हाम्रा अभिभावकले बुझ्नपर्छ। एकोहोरो पढाइले सम्पूर्ण व्यक्तित्व विकास सम्भव छैन। सरकारले यस विषयमा अध्ययन गरोस् र सबै सरकारी स्कुलका बालबालिक( ाले अतिरिक्त क्रियाकलाप गर्ने वातावरणको कुरै छाडौँ निजी स्कुलमा समेत नाम मात्रैका गेम टिचर छन्। पहिले, विद्यालयको स्तर र विद्य( ार्थी सङ्ख्याका आधारमा कम्तीमा गेम टिचरको अनिवार्य व्यवस्था गरौँ। अहिले निजी स्कुलमा चलेको हाउस कल्चर सबै स्कुलमा अनिवार्य गरौँ। यसले इन्टरहाउस खेल तथा अतिरिक्त

## हार्दिक शुभकामना

नेपालीहरुको दोस्रो महत्वपूर्ण पर्व शुभ दिपावली र छठ २०७९ को शुभ अवसरमा देश विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरुमा शुस्वास्थ्य, दिर्घायु, उत्तरोउत्तर प्रगति, उन्नतिका साथै सधै शान्ति मिलोस भन्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

सम्पत्ति बुढा
का.प्रमुख एवम्
बागवानी विकास केन्द्र जुफाल परिवार, डोल्पा

## हार्दिक शुभकामना

नेपालीहरुको दोस्रो महत्वपूर्ण पर्व शुभ दिपावली र छठ २०७९ को शुभ अवसरमा देश विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरुमा शुस्वास्थ्य, दिर्घायु, उत्तरोउत्तर प्रगति, उन्नतिका साथै सधै शान्ति मिलोस भन्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

भौप्रसाद रोकाया
का.प्रमुख एवम्
कोलेनिका परिवार, डोल्पा

## हार्दिक शुभकामना

नेपालीहरुको दोस्रो महत्वपूर्ण पर्व शुभ दिपावली र छठ २०७९ को शुभ अवसरमा देश विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरुमा शुस्वास्थ्य, दिर्घायु, उत्तरोउत्तर प्रगति, उन्नतिका साथै सधै शान्ति मिलोस भन्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

जरबहादुर भकी
प्रमुख एवम्
पशु सेवा कार्यालय परिवार, डोल्पा

## हार्दिक शुभकामना

नेपालीहरुको दोस्रो महत्वपूर्ण पर्व शुभ दिपावली र छठ २०७९ को शुभ अवसरमा देश विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरुमा शुस्वास्थ्य, दिर्घायु, उत्तरोउत्तर प्रगति, उन्नतिका साथै सधै शान्ति मिलोस भन्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

नविन थापा
का.प्रमुख एवम्
खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय, डोल्पा

## हार्दिक शुभकामना

नेपालीहरुको दोस्रो महत्वपूर्ण पर्व शुभ दिपावली र छठ २०७९ को शुभ अवसरमा देश विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरुमा शुस्वास्थ्य, दिर्घायु, उत्तरोउत्तर प्रगति, उन्नतिका साथै सधै शान्ति मिलोस भन्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

रमेश कुमाई
प्रमुख एवम्
डिभिजन वन कार्यालय परिवार, डोल्पा

## हार्दिक शुभकामना

नेपालीहरुको दोस्रो महत्वपूर्ण पर्व शुभ दिपावली र छठ २०७९ को शुभ अवसरमा देश विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरुमा शुस्वास्थ्य, दिर्घायु, उत्तरोउत्तर प्रगति, उन्नतिका साथै सधै शान्ति मिलोस भन्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

श्यामबहादुर रोकाया
प्रमुख एवम्
जिल्ला समन्वय समिति परिवार, डोल्पा